# प्रदेश सरकार स्थापना दिवस समारोह सञ्चालन तथा पुरस्कार छनौट कार्यविधि, २०७७

प्रस्तावनाः प्रदेश सरकार स्थापना भएको तीन वर्षको अवसरमा प्रदेश सरकारको तेश्रो वार्षिकोत्सव समारोहलाई सभ्य, भव्य एवं व्यवस्थित ढंगले सञ्चालन गर्ने र उक्त दिन प्रदेश सरकारको सेवामा रही उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारी, उत्कृष्ट कार्य गर्ने प्रदेश भित्रको स्थानीय तह, प्रदेश भित्र सामाजिक एवं लोककल्याणकारी क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउने संस्था र सार्वजनिक तथा निजी जीवनमा ख्यातिप्राप्त व्यक्तिलाई सम्मान र पुरस्कार प्रदान गर्ने कार्यलाई निष्पक्ष, वस्तुगत एवं पारदर्शी बनाउने उद्देश्यले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको मिति २०७७/१०/१२ को (माननीय मुख्यमन्त्रीस्तर) निर्णयले देहायको कार्यविधि स्वीकृत गरेको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो कार्यविधिको नाम "प्रदेश सरकार स्थापना दिवस समारोह सञ्चालन तथा पुरस्कार छनौट कार्यविधि, २०७७" रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "आयोजक समिति" भन्नाले दफा ६ बमोजिम गठित आयोजक समिति सम्झनु पर्छ ।

(ख) "कार्यक्रम" भन्नाले प्रदेश स्थापना दिवस समारोहमा सञ्चालन गरिने कार्यक्रम वा क्रियाकलापलाई सम्झनु पर्छ ।

(ग) "दिवस" भन्नाले प्रदेश सरकारको तेश्रो स्थापना दिवस सम्झनु पर्छ ।

(घ) "निकाय" भन्नाले प्रदेश अन्तर्गतका सचिवालय, आयोग, विभाग र वोर्ड सम्झनु पर्छ ।

(ङ) "प्रचार प्रसार उपसमिति" भन्नाले दफा १० बमोजिम गठित प्रचार प्रसार उपसमिति सम्झनु पर्छ ।

(च) "पुरस्कार सिफारिस समिति" भन्नाले दफा ८ बमोजिम गठित सम्मान र पुरस्कार सिफारिस समिति सम्झनु पर्छ।

(छ) "मन्त्रालय" भन्नाले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सम्झनु पर्छ ।

(ज) "मूल समारोह समिति" भन्नाले दफा ४ बमोजिम गठित मूल समारोह समिति सम्झनु पर्छ ।

(झ) "समारोह" भन्नाले प्रदेश सरकार स्थापना दिवस समारोह सम्झनु पर्छ ।

## परिच्छेद -२
## प्रदेश सरकार स्थापना दिवस समारोह सञ्चालन र व्यवस्थापन

३. प्रदेश सरकार स्थापना दिवसः प्रदेश सरकार स्थापना दिवस माघ उनान्तीस गते मनाइनेछ ।

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
हेटौंडा, मकवानपुर, नेपाल

४. <u>मूल समारोह समितिः</u> दफा ३ बमोजिम मनाइने दिवसको सञ्चालन र व्यवस्थापनका लागि देहाय बमोजिमको एक मूल समारोह समिति रहनेछः

| | |
|---|---|
| (क) मुख्यमन्त्री | -अध्यक्ष |
| (ख) प्रदेश सरकारका मन्त्रीहरु | -सदस्य |
| (ग) जिल्ला समन्वय समितिका प्रमुखहरु | -सदस्य |
| (घ) प्रदेश सरकारका प्रमुख सचिव | -सदस्य |
| (ङ) प्रदेश लोकसेवा आयोगका अध्यक्ष | -सदस्य |
| (च) मुख्य न्यायाधिवक्ता | -सदस्य |
| (छ) प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष | -सदस्य |
| (ज) सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय | -सदस्य-सचिव |

५. <u>मूल समारोह समितिको काम, कर्तव्य र अधिकारः</u> मूल समारोह समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः–

(क) समारोह सञ्चालनको विधि, समय र स्थान तय गर्ने,

(ख) समारोहमा विशिष्ट व्यक्तिहरुलाई आमन्त्रण गर्न निर्देशन दिने,

(ग) समारोह सञ्चालनका लागि यस कार्यविधिद्वारा गठित समिति र उपसमितिहरुलाई आवश्यक निर्देशन दिने,

(घ) समारोह सुरक्षित एवं स्वस्थ वातावरणमा सञ्चालन गर्नका लागि आवश्यक निर्देशन दिने।

६. <u>आयोजक समितिः</u> (१) समारोह आयोजना गर्नका लागि देहाय बमोजिमको एक आयोजक समिति रहनेछः

| | |
|---|---|
| (क) प्रमुख सचिव | -संयोजक |
| (ख) प्रदेश सचिव (सबै मन्त्रालय र निकाय) | -सदस्य |
| (ग) प्रदेश सुरक्षा निकायका प्रमुखहरु | -सदस्य |
| (घ) प्रशासन शाखा प्रमुख, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | -सदस्य सचिव |

(२) उपदफा (१) बमोजिमको समितिले आवश्यकता अनुसार अन्य उपसमिति गठन गर्न सक्नेछ ।

७. <u>आयोजक समितिको काम, कर्तव्य र अधिकारः</u> आयोजक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) समारोह सञ्चालनको विधि, समय र स्थान तय गर्नका लागि मूल समारोह समितिसमक्ष सिफारिस गर्ने,

(ख) समारोहमा सहभागीलाई आमन्त्रण गर्ने,

(ग) समारोहमा सञ्चालन गरिने क्रियाकलापहरु यकिन गर्ने,

(घ) प्रदेश अन्तर्गतका मन्त्रालय र निकायहरुबाट प्राप्त प्रस्ताव बमोजिम समारोहमा समावेश गरिने कार्यक्रम निक्यौंल गर्ने,

(ङ) समारोह सञ्चालनका लागि प्रदेश मन्त्रालयमा कार्यरत कर्मचारीलाई आवश्यकता अनुसार निर्देशन दिने,

(च) समारोह सञ्चालन र व्यवस्थापनको सम्बन्धमा मूल समारोह समितिले दिएको निर्देशनको पालना गर्ने,

(छ) समारोह सञ्चालनको क्रममा कुनै समस्या परेमा उक्त समस्या समाधानका लागि आवश्यक निर्देशन दिने,

(ज) समारोह सुरक्षित एवं स्वस्थ वातावरणमा सञ्चालन गर्नका लागि आवश्यक कार्य गर्ने ।

८. <u>सम्मान र पुरस्कार सिफारिस समितिः</u> दिवसको अवसरमा प्रदेशमा कार्यरत उत्कृष्ट कार्य गर्ने कर्मचारी, प्रदेश अन्तर्गत रही प्रदेशको सामाजिक एवं आर्थिक विकासमा उल्लेखनीय योगदान पुऱ्याउने संघ संस्था र सार्वजनिक तथा निजी जीवनमा ख्यातिप्राप्त व्यक्तिलाई प्रदान गरिने पुरस्कारलाई वस्तुगत, निष्पक्ष एवं पारदर्शी ढंगले प्रदान गर्ने व्यवस्थाका लागि प्रदेश सरकारसमक्ष सिफारिस गर्न देहाय बमोजिमको एक सम्मान र पुरस्कार सिफारिस समिति रहनेछः

| | |
|---|---|
| (क) सचिव (प्रशासन), मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | -संयोजक |
| (ख) सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय | -सदस्य |
| (ग) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय | -सदस्य |
| (घ) प्रमुख, प्रशासन शाखा, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | -सदस्य सचिव |

९. <u>पुरस्कार सिफारिस समितिको काम, कर्तव्य र अधिकारः</u> पुरस्कार सिफारिस समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः–

(क) दफा १५ बमोजिम सम्मान र पुरस्कार सिफारिस भइ आएका कर्मचारी, संघसंस्था र व्यक्तिको विवरण मूल्याङ्कन गर्ने,

(ख) खण्ड (क) बमोजिम मूल्याङ्कन गरिसकेपश्चात कर्मचारी, संघसंस्था र व्यक्तिलाई सम्मान र पुरस्कार प्रदान गर्न प्रदेश सरकारसमक्ष सिफारिस गर्ने ।

१०. <u>प्रचार प्रसार उपसमितिः</u> (१) समारोहको विभिन्न सञ्चार माध्यममार्फत प्रचार प्रसार गर्ने, समारोहमा आमन्त्रित व्यक्तिहरुको सहभागिताका लागि आवश्यक प्रबन्ध मिलाउने, समारोहमा सञ्चालित क्रियाकलापलाई सर्वसाधारणमाझ पुऱ्याउने लगायतका कार्य गर्न देहाय बमोजिमको एक प्रचार प्रसार उपसमिति रहनेछः

(क) सञ्चार रजिष्ट्रार -संयोजक

(ख) प्रवक्ता (सबै मन्त्रालय) -सदस्य

(ग) प्रतिनिधि, बागमती प्रदेश जिल्ला समन्वय समिति महासंघ -सदस्य

(घ) प्रतिनिधि, बागमती प्रदेश नगरपालिका महासंघ -सदस्य

(ङ) प्रतिनिधि, बागमती प्रदेश गाउँपालिका महासंघ -सदस्य

(च) प्रतिनिधी, प्रदेश पत्रकार महासंघ -सदस्य

(छ) अधिकृत, सूचना तथा सञ्चार समन्वय शाखा, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य सचिव

११. <u>समितिको सचिवालयः</u> दफा ४ बमोजिम गठित समितिको सचिवालय आन्तरिक मामिला तथा कानून मन्त्रालय र दफा ६, दफा ८ र दफा १० बमोजिम गठित समिति र उपसमितिको सचिवालय मन्त्रालयमा रहनेछ ।

१२. <u>प्रस्ताव पेश गर्नु पर्नेः</u> (१) प्रदेशका प्रत्येक मन्त्रालय र निकायले समारोहमा समावेश गर्ने कार्यक्रमको विस्तृत विवरणसहितको प्रस्ताव समारोह सञ्चालन हुने मितिभन्दा कम्तीमा सात दिन अगावै दफा ११ बमोजिमको सचिवालयमार्फत आयोजक समितिमा पेश गर्नुपर्नेछ ।

(२)आयोजक समितिले उपदफा (१) बमोजिम प्राप्त प्रस्तावमा उल्लेखित कार्यक्रमलाई समरोहमा समावेश गर्न आवश्यक व्यवस्था गर्नेछ ।

१३. <u>कार्यक्रम समावेश गर्न सक्नेः</u> दफा १२ बमोजिम प्रदेशका मन्त्रालय र निकायबाट प्राप्त प्रस्ताव बमोजिमका कार्यक्रमका अतिरिक्त आयोजक समितिले सरोकारवालाहरुसँग समेत छलफल गरी समारोहमा सञ्चालन गर्ने अन्य विविध कार्यक्रमहरु यकिन गरी समारोहमा समावेश गर्न सक्नेछ ।

## परिच्छेद -३

## <u>सम्मान र पुरस्कार</u>

१४. <u>सम्मान र पुरस्कार प्रदान गर्नेः</u> दिवसको अवसरमा प्रदेश सरकारले प्रदेशभित्र देहायको क्षेत्रमा कार्यरत उत्कृष्ट कर्मचारी, संघसंस्था र व्यक्तिलाई सम्मान र पुरस्कार प्रदान गर्नेछः-

(क) प्रदेश अन्तर्गत कार्यरत कर्मचारी,

(ख) हिंसा तथा विभेद न्यूनीकरणको क्षेत्रमा क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउने व्यक्ति तथा संघसंस्था,

(ग) सामाजिक सेवा,

(घ) युवा नवप्रवर्तन,

(ङ) पत्रकारिता,

(च) सहकारी प्रवर्द्धन,

(छ) साँस्कृतिक समूह,

(ज) आदिवासी जनजाति साँस्कृतिक समूह,

(झ) महामारी तथा विपद्को रोकथाम र नियन्त्रणको क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउने व्यक्ति तथा संघसंस्था।

१५. सम्मान र पुरस्कार सिफारिसः (१) प्रदेश अन्तर्गतका मन्त्रालय र निकायले आफु र मातहतका कार्यालयमा कार्यरत कर्मचारीलाई सम्मान र पुरस्कार प्रदान गर्नका लागि सम्बन्धित कर्मचारीबाट अनुसूची -१ बमोजिमको फारम भराई प्रमाणित गरेर सिफारिस सहित माघ बीस गतेसम्म दफा ११ बमोजिमको सचिवालयमार्फत पुरस्कार सिफारिस समितिसमक्ष पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सिफारिस गर्दा देहायको सीमाभित्र रही गर्नुपर्नेछः-

| | |
|---|---|
| (क) कर्मचारी संख्या १०० जनासम्म भएकोमा | - २ जना |
| (ख) कर्मचारी संख्या १०१ देखि ३०० जनासम्म भएकोमा | - ३ जनासम्म |
| (ग) कर्मचारी संख्या ३०१ देखि ५०० जनासम्म भएकोमा | - ५ जनासम्म |
| (घ) कर्मचारी संख्या ५०० भन्दा बढी भएकोमा | - ७ जनासम्म |

(३) पुरस्कार सिफारिस समितिले उपदफा (१) बमोजिम प्राप्त सिफारिस अनुसारको विवरण मूल्याङ्कन गरी बढीमा पन्ध्र जनासम्म कर्मचारीलाई सम्मान र पुरस्कारका लागि सिफारिस गरी मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

(४) दफा १४ को खण्ड (ख) देखि खण्ड (झ) सम्म उल्लेखित संघसंस्था र व्यक्तिलाई सम्मान र पुरस्कार प्रदान गर्नका लागि सम्बन्धित संघसंस्था र व्यक्तिले अनुसूची -२ बमोजिमको सम्मान र पुरस्कार सिफारिस फारम भरी विषयगत मन्त्रालयबाट प्रमाणित गराई पुरस्कार सिफारिस समिति समक्ष पेश गर्नुपर्नेछ।

(५) पुरस्कार सिफारिस समितिले उपदफा (४) बमोजिम प्राप्त सिफारिस अनुसारको विवरण मूल्याङ्कन गरी दफा १४ को खण्ड (ख) देखि खण्ड (झ) सम्म उल्लेखित संघसंस्था र व्यक्तिमध्ये प्रत्येक क्षेत्रबाट एक जना व्यक्ति वा एउटा संस्था पर्ने गरी सम्मान र पुरस्कार सिफारिस गरी मन्त्रालयमा पेश गर्नु पर्नेछ।

(६) प्रदेश सरकारले उपदफा (३), (४) र (५) बमोजिम प्राप्त सिफारिसको आधारमा कर्मचारी, संघसंस्था र व्यक्तिलाई सम्मान र पुरस्कार प्रदान गर्ने निर्णय गर्नेछ ।

१६. सम्मान र पुरस्कार सिफारिसको आधारः (१) कर्मचारीलाई सम्मान र पुरस्कार सिफारिस गर्दा अनुसूची -१ को खण्ड (ख) मा कर्मचारीले आफूले सम्पादन गरेको भनी उल्लेख गरेका कार्यहरुसमेत लाई मूल्याङ्कन गरी सो का अतिरिक्त देहायको आधारमा गर्नुपर्नेछः

(क) प्रदेश सरकारको सेवामा अविछिन्न रुपमा एक वर्षभन्दा बढी समयसम्म काम गरेको,

(ख) कुनै पनि विभागीय सजाय नपाएको,

(ग) सम्पत्ति विवरण नियमित रुपमा पेश गरेको,

(घ) निजको नाममा कुनै पनि व्यक्तिगत बेरुजु नरहेको,

(ङ) पुरस्कारका लागि सिफारिस हुने वर्षमा अध्ययन विदा र असाधारण विदा नलिएको,

(च) एकै आर्थिक वर्षमा प्रदेश सरकारद्वारा प्रदान गरिने अन्य पुरस्कार नपाएको,

(छ) कार्यसम्पादन क्षमता र कार्यसम्पादन सीपमा उत्कृष्ट रहेको,

(ज) सुपरिवेक्षक र सहयोगीसँगको व्यवहार र समन्वय क्षमता राम्रो भएको,

(झ) कार्यसम्पादनमा सुधारका लागि अग्रसरता र सिर्जनशीलता देखाएको,

(ञ) सदाचार, नैतिकता र आचरणको पालना गरेको

(ट) पछिल्लो एक वर्षमा गयल कट्टीमा नपरेको ।

(२) सामान्यतयाः एक पटक पुरस्कार प्राप्त गरिसकेको कर्मचारीलाई पुनः सोही पुरस्कारका लागि छनौट गरिनेछैन ।

१७. <u>पुरस्कार वितरणः</u> (१) दफा १५ को उपदफा (६) बमोजिमको निर्णयानुसारको कर्मचारी, संघसंस्था र व्यक्तिलाई प्रदेश स्थापना दिवसका दिन अनुसूची -३ बमोजिमको सम्मानपत्रका साथै जनही रु. पच्चीस हजारका दरले पुरस्कार प्रदान गरिनेछ ।

(२) उपदफा (१) बमोजिम प्रदान गरिने पुरस्कारका लागि आवश्यक रकम मन्त्रालयले व्यवस्था गर्नेछ ।

१८. <u>पुरस्कार फिर्ता गर्न सकिनेः</u> (१) पुरस्कार प्राप्त गरेको कुनै कर्मचारी, संस्था वा व्यक्तिबाट प्रदेश सरकारलाई हानी नोक्सानी पुग्ने कुनै कार्य भएमा वा पुरस्कार पाएको तीन वर्षभित्र कुनैपनि कर्मचारी वा व्यक्तिले नैतिक पतन देखिने फौज्दारी अभियोगमा सजाय पाएमा निजले प्राप्त गरेको पुरस्कार फिर्ता गर्न पुरस्कार सिफारिस समितिले आवश्यक व्यवस्था गर्न सक्नेछ ।

अनुसूची -१

दफा १५ को उपदफा (१) र दफा १६ को उपदफा (१) सँग सम्बन्धित

**कर्मचारीले भर्ने सम्मान र पुरस्कार सिफारिस फारम**

**(क) कर्मचारीको व्यक्तिगत विवरणः**

| | |
|---|---|
| (क) कर्मचारीको नाम थर र ठेगानाः | |
| (ख) हाल कार्यरत कार्यालयः | |
| (ग) पद/श्रेणी/तहः | |
| (घ) सेवा/समूह/उपसमूहः | |
| (ङ) कर्मचारी संकेत नं. | |
| (च) शुरु नियुक्ति मितिः | |
| (छ) प्रदेश सरकारको सेवामा प्रवेश गरेको मितिः | |

**(ख) कर्मचारीले सम्पादन गरेको मुख्य-मुख्य कामको विवरण (लेख्ने ठाउँ नपुगेमा छुट्टै पानामा लेखि संलग्न गर्न सकिने):**

(ग) **कर्मचारीको स्वघोषणा (बाकसमा हो/होइन लेख्नुपर्ने):**

| | |
|---|---|
| १. प्रदेश सरकारको सेवामा अविछिन्न रुपमा एक वर्षभन्दा बढी समयसम्म काम गरेको | |
| २. कुनै पनि विभागीय सजाय नपाएको | |
| ३. सम्पत्ति विवरण नियमित रुपमा पेश गरेको | |
| ४. आफ्नो नाममा कुनै पनि व्यक्तिगत बेरुजु नरहेको | |
| ५. पछिल्लो एक वर्षमा गयल कट्टीमा नपरेको | |
| ६. पुरस्कारका लागि सिफारिस हुने वर्षमा अध्ययन विदा वा असाधारण विदा नलिएको | |
| ७. यसै आर्थिक वर्षमा प्रदेश सरकारद्वारा प्रदान गरिने अन्य कुनै पनि पुरस्कार नपाएको | |

उल्लेखित व्यहोरा सत्य हो । पुरस्कारका लागि सिफारिस भएमा पुरस्कृत भइसकेपछि पनि उल्लेखित व्यहोरा झुठा ठहरेमा पुरस्कार फिर्ता गर्नुको साथै कानून बमोजिम सहुँला बुझाउँला ।

-----------------------

कर्मचारीको दस्तखत

मितिः

---

निवेदकले माथि उल्लेखित विवरण भरी पुरस्कार सिफारिसका लागि निवेदन दिएको हुँदा निजलाई प्रदेश सरकार स्थापना दिवस समारोह सञ्चालन तथा पुरस्कार छनौट कार्यविधि, २०७७ बमोजिम सम्मान र पुरस्कारको लागि सिफारिस गरेको छुः

**सम्बन्धित मन्त्रालय/सचिवालयका सचिव/प्रमुखको,-**

दस्तखतः

नाम थरः

मितिः

कार्यालयको छाप

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

अनुसूची -२

(दफा १५ को उपदफा ४ सँग सम्बन्धित)

**संस्था र व्यक्तिले भर्ने सम्मान र पुरस्कार सिफारिस फारम**

.................... मन्त्रालय/सचिवालय/आयोग/विभाग/वोर्ड

**फोटो**

**(क) सिफारिस गरिने व्यक्तिको विवरणः**

(१) व्यक्तिगत विवरणः

| | | | | |
|---|---|---|---|---|
| नाम | | | जन्म मिति | |
| बुबाको नाम | | | | |
| आमाको नाम | | | | |
| ना.प्र.नं./जिल्ला | | | | |
| स्थायी ठेगाना | .................................... गा.पा/न.पा | | वडा नं. | .........................जिल्ला |
| हाल बसोबास गरेको ठेगाना | .................................... गा.पा/न.पा | | वडा नं. | .........................जिल्ला |
| शैक्षिक योग्यता | तहः | उत्तीर्ण सालः | शैक्षिक संस्थाको नामः | |
| क्षेत्र (कुनै एकमा चिन्ह (✓) लगाउनुपर्ने) | (क) सामाजिक सेवा<br>(ख) युवा नवप्रवर्तन<br>(ग) पत्रकारिता<br>(घ) सहकारी प्रवर्द्धन | | (ङ) साँस्कृतिक समूह<br>(च) आदिवासी जनजाति साँस्कृतिक समूह<br>(छ) महामारी तथा विपद्को रोकथाम र नियन्त्रण | |
| सम्पर्क | फोन नं. | | ईमेलः | |

(२) सम्बन्धित व्यक्तिले गरेका उल्लेखनीय कार्यहरुको विवरण (लेख्ने ठाउँ नपुगेमा छुट्टै पानामा लेखि संलग्न गर्न सकिने)

______________________________

______________________________

______________________________

______________________________

______________________________

______________________________

(३) मैले हालसम्म नैतिक पतन देखिने फौज्दारी अभियोगमा सजाय पाएको छैन । माथि उल्लेखित सम्पूर्ण विवरणहरु सत्य हो । झुठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

---------------------

-

दस्तखत

मितिः

माथि उल्लेखित विवरणसाथ सम्मान र पुरस्कार सिफारिसका लागि आवेदन परेको हुँदा निजलाई प्रदेश सरकार स्थापना दिवस समारोह सञ्चालन तथा पुरस्कार छनौट कार्यविधि, २०७७ बमोजिम सम्मान र पुरस्कारको लागि सिफारिस गरेको छुः

**सम्बन्धित मन्त्रालय/सचिवालयका सचिव/प्रमुखको,-**

दस्तखतः

नाम थरः

मितिः

कार्यालयको छाप

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

**(ख) सिफारिस गरिने संस्थाको विवरणः**

(१) संस्थाको विवरणः

| | | | |
|---|---|---|---|
| संस्थाको नामः | | | |
| संस्थाको ठेगाना | ....................................<br>गा.पा/न.पा | वडा नं. | ........................जिल्ला |
| क्षेत्र (कुनै एकमा चिन्ह (✓) लगाउनुपर्ने) | (क) सामाजिक सेवा<br>(ख) युवा नवप्रवर्तन<br>(ग) पत्रकारिता<br>(घ) सहकारी प्रवर्द्धन | (ङ) साँस्कृतिक समूह<br>(च) आदिवासी जनजाति साँस्कृतिक समूह<br>(छ) महामारी तथा विपद्को रोकथाम र नियन्त्रण | |
| सम्पर्क | फोन नं. | ईमेलः | |

(२) सम्बन्धित संस्थाले गरेको उल्लेखनीय कार्यहरुको विवरण (लेख्ने ठाउँ नपुगेमा छुट्टै पानामा लेखि संलग्न गर्न सकिने)

(३) माथि उल्लेखित सम्पूर्ण विवरणहरु सत्य हो । झुठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

संस्थाको छाप

**<u>संस्थाको प्रतिनिधिको</u>,-**

नामः

पदः

हस्ताक्षरः

मितिः

---

माथि उल्लेखित विवरणसाथ सम्मान र पुरस्कार सिफारिसका लागि आवेदन परेको हुँदा उल्लेखित संस्थालाई प्रदेश सरकार स्थापना दिवस समारोह सञ्चालन तथा पुरस्कार छनौट कार्यविधि, २०७७ बमोजिम सम्मान र पुरस्कारको लागि सिफारिस गरेको छुः

**सम्बन्धित मन्त्रालय/सचिवालयका सचिव/प्रमुखको,-**

दस्तखतः

नाम थरः

मितिः

कार्यालयको छाप

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

अनुसूची -३

सम्मानपत्रको ढाँचा

दफा १७ को उपदफा १ सँग सम्बन्धित

**(क) कर्मचारीलाई प्रदान गरिने सम्मानपत्रको ढाँचा**

प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

**बागमती प्रदेश, हेटौंडा**

## सम्मान-पत्र

**श्री .....कर्मचारीको नाम.....** (संकेत नं.)

...पद....

.....कार्यरत कार्यालय......

यस प्रदेशमा रही उल्लेखनीय कार्य गर्नु भएकोमा **"प्रदेश सरकारको (....औं) बार्षिकोत्सव-(वर्ष)"** को अवसरमा नगद पुरस्कार रु. ..पुरस्कार राशी.. (..अक्षरमा पनि..) सहित यो **सम्मान-पत्र** प्रदान गरिएको छ। प्रदेश सरकारले आगामी दिनमा तपाईंबाट अझ बढी प्रशंसनीय एवम् उत्कृष्ट कार्य सम्पादनको अपेक्षा राखेको छ।

**सम्मानित हुनु भएकोमा हार्दिक बधाई।**

...................................
..... नाम थर....
प्रमुख सचिव

...................................
..... नाम थर....
मुख्यमन्त्री

(ख) संघ/संस्था/व्यक्तिलाई प्रदान गरिने सम्मान-पत्रको ढाँचा

प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

**बागमती प्रदेश, हेटौंडा**

## सम्मान-पत्र

श्री ....संघ/संस्था/व्यक्तिको नाम...... लाई यस प्रदेशको .................... क्षेत्रमा पुऱ्याएको/पुऱ्याउनु भएको योगदानको कदर/सम्मान स्वरुप **"प्रदेश सरकारको (....औं) बार्षिकोत्सव-(वर्ष)"** को अवसरमा नगद पुरस्कार रु. ..पुरस्कार राशी.. (..अक्षरमा पनि..) सहित यो **सम्मान-पत्र** प्रदान गरिएको छ।

**सम्मानित हुनु भएकोमा हार्दिक बधाई।**

..................................

..... नाम थर....

प्रमुख सचिव

..................................

..... नाम थर....

मुख्यमन्त्री